नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.सं. :२०७९/०८०
च.नं. : ९६

मिति: २०७९/१०/२९

जानकारी सम्बन्धमा

१. शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रले यस आर्थिक बर्षमा २०७९/८० का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गतका क्रियाकलापहरूमध्ये शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (मा. शिक्षा मन्त्रीस्तर) को मिति २०७९/०५/२९ को निर्णयअनुसार १४५६ विद्यालयमा सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रमका अन्तर्गत ICT Lab स्थापना गर्न विद्यालय छनोट गरी केन्द्रकै मिति २०७९/०९/२९ गतेको सूचनाबमोजिम उक्त ICT Lab अन्तर्गत LMS Software र उपकरणहरू स्पेशिफिकेशन अनुसारको मापदण्डभन्दा न्यूनतम नहुने गरी खरीद गरी व्यवस्थापन गर्न सूचना प्रकाशित गरेको छ।

२. यसै सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७९/१०/१६ मा सामुदायिक विद्यालयमा गुणस्तरीय सिकाई सामग्रीमा सहज पहुँच पुर्याउने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतका निकायबाट डिजिटल सामग्रीहरूको उत्पादन, प्रसारण र वितरण भइरहेको हुनाले देशभरका सबै शिक्षक, विद्यार्थी, अभिभावक, सरोकारवालाहरूलाई पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विभिन्न मिडियाहरूबाट प्रसारण गरिने केन्द्रका श्रव्यदृष्य सामग्री आदिको अधिकतम प्रयोग गराउनु हुन र सम्बन्धित स्थानीय तहहरू र शिक्षा विकास तथा समन्वय इकाईहरूले विद्यालयको अनुगमन तथा अन्तरक्रिया जस्ता कार्यक्रमबाट यो विषयलाई उच्च प्राथमिकतामा राख्न भनी प्रेश विज्ञप्ती जारी गरेको छ। मन्त्रालयको सो प्रेश विज्ञप्तीमा विगत बर्षहरूदेखि नै ICT Lab सञ्चालन गरिरहेका विद्यालयहरूले समेत e-library व्यवस्था गर्नुपर्ने प्रावधान रहेको हुनाले सो बमोजिम नगरेको भए तत्काल प्रवन्ध गरी शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन यसको अधिकतम सदुपयोग गर्ने कुरामा जोड दिएको छ।

३. विद्यालयमा समयमा भौतिक पाठ्यपुस्तक उपलब्ध नहुँदा ICT Lab का माध्यमबाट माथि उल्लिखित सामग्रीहरूबाट विद्यालयमा पठनपाठन क्रियाकलापलाई नियमित गर्न सकिनुका साथै ज्ञान प्राप्त गर्ने दायरा बढ्दै गएको अहिलेको अवस्थामा भौतिक पाठ्यपुस्तकबाट मात्र गरिने पठनपाठनले विद्यार्थीको समग्र वौद्दिक विकास नहुने भएकोले डिजिटल लाइब्रेरीको व्यवस्थापन तथा उपयोगलाई उच्चतम महत्व दिनु हुन अनुरोध गरिन्छ।

४. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले यस आर्थिक बर्ष २०७९/८० देखि विद्यालयमा ICT Lab व्यवस्थापन गर्दा Digital Teaching/Learning Process लाई मद्दत पुर्याउने गरी Learning Management System (LMS) को प्रभावकारी कार्यान्वयन गराउन खोजिएको छ। सो का लागि Digital Lab मा LMS Software को व्यवस्था गर्नुका साथै Educational AVR Board मा Digital Content Storage (DCS) हुनुपर्ने र उक्त DCS मा पठनपाठन/मूल्याङ्कन/अतिरिक्त सिकाई सामग्रीहरूको e-Copy (Digital Content) राख्नुपर्ने गरी व्यवस्था गरिएको छ। विद्यालयले खरीद गर्ने Software मा LMS को व्यवस्था गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायबाट तयार गरिएका श्रव्यदृष्य सामग्रीहरूका अतिरिक्त कक्षा १ देखि १२ कक्षा सम्मका नेपाल सरकारबाट स्वीकृत पाठ्य सामग्रीहरू (श्रव्य पाठहरू, श्रव्यदृष्य पाठहरू, डिजिटल किताब, डिक्सनरी अन्य अडियो तथा भिडियो

प.सं. :
च.नं. :

सामग्रीहरूका साथै विद्यार्थीको मूल्याङ्कन प्रणाली र अतिरिक्त ज्ञानका सामग्रीहरू अध्ययन तथा खोजविन गर्न सकिने सामग्री हुनुपर्ने व्यवस्था गरिएको छ।

५. मिति २०७९/१०/२७ मा ictsamachar नामक इ पत्रिकामा प्रकाशित समाचारप्रति यस केन्द्रको ध्यानाकर्षण भएको छ। सो सम्बन्धमा अनुसन्धान भई रहेको जानकारी गराईन्छ। समाचारमा उल्लेख भएबमोजिमको Verification Portal यस केन्द्रको आधिकारिक साइटबाट जारी नभएको जानकारी गराइन्छ।

६. माथि उल्लेख भएका विभिन्न पक्षहरूले पनि विद्यालयले ICT Lab व्यवस्थापन गर्दा खरिद गर्ने LMS Software ले शिक्षण सिकाइलाई महत्व दिनुपर्ने कुरालाई विशेष जोड दिन्छ। यसका लागि विद्यालहरूले LMS Software खरीद गर्दा उक्त सफ्टवयरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७९/०९/२९ मा प्रकाशित स्पेशिफिकेशन अनुसारका सामग्री भए नभएको जाँच गर्नु हुन र स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाईले आफु वा अन्तर्गतका विद्यालयहरूले खरीद गरेको LMS Software शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७९/१०/१६ को प्रेश विज्ञप्तीको मर्मअनुसार भए नभएको अनुगमन गरी यसलाई उच्च महत्वमा राखी कार्यान्वयन गर्न लगाउनु हुन समेत अनुरोध छ।

७. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्पेशिफिकेशन कार्यान्वयन गराउने सम्बन्धमा मिति २०७९/०९/२९ पश्चात् अन्य परिपत्र नभएको जानकारी गराइन्छ।

८. कतिपय दुर्गममा रहेका स्थानीय तह तथा विद्यालयहरूबाट ICT LAB ब्यबस्थापन गर्न LMS तथा सामग्री/उपकरणहरु (Educational AVR System/Smart Board, All in one PC, Printer) खरीद गर्नका लागि स्पेसिफिकेशन प्रकाशित गरिएकोमा उक्त स्पेसिफिकेशन अनुसारका सामग्री/ उपकरणहरु विद्यालय रहेका स्थानीय बजार/जिल्ला सदरमुकाममा उपलब्ध हुन नसकेको हुँदा के कसरी खरीद गर्ने भनी लेखी आएको हुँदा उक्त सामग्रीहरू स्थानीय बजारमा उपलब्ध नभएमा मात्र सम्बन्धित स्थानीय तहलाई जानकारी गराई आ.ब. २०७८/७९ मा प्रकाशित स्पेसिफिकेशन अनुसार खरीद व्यवस्थापन गर्न सकिने छ।

गीविन्दराज पोखरेल
निर्देशक